दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या : २०८३।०८४
चलानी नं. :

चौधारी,बझाङ्ग
सुदूर पश्चिम प्रदेश,नेपाल।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ्ग सुदूरपश्चिम प्रदेश,नेपाल

सूचना नं ७

मिति २०८३।०६।२३

अतिक्रमित जग्गामा बनेका घर तथा टहरा हटाउने सम्बन्धी ३५ दिने सूचना

बझाङ जिल्ला दुर्गाथली गाउँपालिका वडा नं. २ (साविक चौधारी गा. वि. स. वडा नं ७) चौधारी स्थित नक्सा सिट नं. ०१६-११२४ कित्ता नं. १३६४, क्षेत्रफल १९६३० वर्गमिटरको जग्गा झोता मालपोत कार्यालयको स्रेस्तामा चौधारी मा. वि. उल्लेख भएको जग्गा अतिक्रमण गरी व्यक्तिगत घर तथा टहराहरु निर्माण गरेको भनी चौधारी मा. वि. बाट प्राप्त उजुरी बमोजिम यस कार्यालयको संयोजनमा नापी कार्यालय झोता र सम्बन्धित स्थानीय तहका अगुवा समाजसेवी बुद्धिजिवी जनप्रतिनिधि सहितको अनुगमन तथा निरीक्षणका क्रममा उक्त कित्ताका जग्गामा विभिन्न व्यक्तिहरूले संरचना बनाई भोगचलन गरेको देखिएको छ। यस अघि सो जग्गा खाली गराउन सम्बन्धित व्यक्तिहरूलाई जानकारी तथा समन्वय गर्दा समेत हालसम्म खाली नगरकोले भोगचलन गर्ने व्यक्तिहरूका नाममा सूचना जारी भएको मितिले घर तथा टहराहरु हटाउन ३५ दिने सूचना जारी गरिएको छ। सूचनालाई अटेर गरी तोकेको समयावधिभित्र अतिक्रमित जग्गा खाली नगरेमा प्रचलित कानून बमोजिम भईजाने व्यहोरा समेत जानकारीका लागि सबैमा सूचित गरिन्छ।

नोटः विद्यालयको जग्गामा बनेका संरचना तथा घरहरु सम्बन्धित व्यक्ति तथा संस्थाहरुले विद्यालयलाई स्वःस्फूर्त रुपमा हस्तान्तरण गर्न चाहेमा निज व्यक्ति तथा संस्थाहरुलाई गाउँपालिकाले सम्मान गर्ने व्यहोरा समेत जानकारी गरिन्छ।

लाल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर विष्ट
प्रमुख प्रशासकिय अधिकृत